# बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भट्टद्वारा उन्नाइसौँ गाउँसभामा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम

(आ.व. २०८३/०८४)

# बारपाक सुलिकोट गाउँपालिका

**ताकुकोट, गोरखा**

गण्डकी प्रदेश, नेपाल

**मिति २०८३ असार ०५ गते शुक्रबार।**

**गाउँपालिका उपाध्यक्षज्यू,**

**गाउँसभा सदस्य सचिवज्यू,**

**वडाध्यक्षज्यूहरु,  कार्यपालिका सदस्यज्यूहरु,**

**गाउँसभा सदस्यज्यूहरु**

**विषयगत शाखाका प्रमुख लगायत सम्पूर्ण कर्मचारीज्यूहरु,**

**सुरक्षाकर्मी, पत्रकार लगायत उपस्थित सबै व्यक्तित्वहरु।**

बारपाक सुलिकोट गाउँपालिकाको गाउँसभाको १९ औँ अधिवेशनको यो ऐतिहासिक क्षणमा सबैलाई अभिवादन गर्न चाहन्छु। गाउँसभाको उन्नाइसौँ अधिवेशनमा गाउँपालिकाको आर्थिक वर्ष २०८३/२०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु। यस महत्वपूर्ण घडीमा नेपालका प्रथम सहिद लखन थापा मगर, जनयुद्धका प्रथम सहिद दिल बहादुर रम्तेल लगायत नेपाली जनताको रगतले सिंचित जनयुद्ध तथा विभिन्न राजनैतिक परिवर्तनको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा वेपत्ता योद्दाहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु। साथै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गर्नुहुने सम्पूर्ण नेपाली जनतामा सम्मान व्यक्त गर्दछु। सात दशक लामो बलिदानीपूर्ण संघर्षको विभिन्न काल खण्डमा नेपाली जनतालाई नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरुको योगदान हाम्रा लागि सदैव प्रेरणादायी छ। तिनै योद्धाहरुको रगतसँग साँटिएको संघीय लोकतान्त्रिक  गणतन्त्रात्मक शासन व्यवस्थालाई सार्थक तुल्याउनु महत्वपूर्ण जिम्मेवारी बोध गरेको छु।

आवधिक निर्वाचन लोकतान्त्रिक शासन व्यवस्थाको मेरुदण्ड हो। निर्वाचित जनप्रतिनिधिहरुबाट जनअपेक्षा अनुसारको शासन, पूर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाह गर्दै संघीयता कार्यान्वयनमा महत्वपूर्ण योगदान रहने विश्वास लिएको छु। निर्वाचन हुँदाका बखत हामी निर्वाचित जनप्रतिनिधिहरुले बारपाक सुलिकोट गाउँपालिकाको समग्र समृद्धिको लागि जनतासँग गरेका प्रतिबद्धताहरुलाई कार्यान्वायन गर्न हामीसँग भएका सीमित स्रोत साधन, दक्ष जनशक्ति व्यवस्थापनका अप्ठ्याराहरु, संक्रमणकालीन कानुन र विगत वर्षका हाम्रा अनुभवहरुलाई समेत ध्यान दिँदै आम जनतासँग गरेका वचनवद्धता प्रति हामी सदैव प्रतिवद्ध रहने कुरा गाउँपालिकाबासी जनसमुदायलाई विश्वास दिलाउन चाहान्छु। जनताका आधारभूत सेवा सुविधा जनताकै सबैभन्दा निकटका निकायबाट प्रवाह गर्दा बढी प्रभावकारी हुन्छ भन्ने व्यवस्था नै संघीय शासन प्रणाली हो। बजेट निर्माणको सन्दर्भले हाम्रो यो कार्यकालको अन्तिम हो। यसलाई विशेष

प्रभावकारी बनाउनु हाम्रो दायित्व हो। यसै सन्दर्भमा आजको गाउँसभामा हामी दीर्घकालिन सोच र लक्ष्यका साथ आगामी आर्थिक वर्ष ०८३/०८४ मा बारपाक सुलिकोट गाउँपालिकाले लिनुपर्ने नीति तथा कार्यक्रम तयार गरी गाउँपालिकाको समृद्धिको खाका कोर्ने अवसरमा जुटिरहेका छौ।

**गाउँसभा सदस्यज्यूहरू,**

**अब म चालु आर्थिक वर्ष २०८२/०८३ को प्रगति समिक्षा प्रस्तुत गर्न चाहन्छु।**

१. चालु आर्थिक वर्षमा वडा नं ७ देउरालीमा बहुद्धेशीय सभाहल (कभर्डहल) निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ।

२. बारपाक बसपार्कको पूर्वाधार सुधार अन्तर्गत बसपार्क क्षेत्रमा ढलान कार्य सम्पन्न गरिएको छ।

३. गाउँपालिकाको आन्तरिक स्रोत परिचालन गरी पहिलो पटक सडक कालोपत्रे कार्य सम्पन्न गरिएको छ।

४. संघीय समपूरक अनुदान र गाउँपालिकाको ५०% वित्तीय साझेदारीमा **ढोडेनी-सौरपानी सडक कालोपत्रे** गर्ने कार्य अघि बढिरहेको छ।

५. जराङ खोलामा मोटरेबल पुल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

६. घुन्चोक्टर–अर्चले–सौरपानी सडकको ठेक्का आह्वान भई कार्यान्वयनको चरणमा रहेको छ।

७. देउराली–अमले–स्तूलखोला सडकको स्तरोन्नति कार्य प्रगतिमा रहेको छ।त्यसै गरि देउराली–मुलाबारी–रातमाटे–खार्चोकसम्मको सडक स्तरोन्नति कार्य प्रगतिमा रहेको छ।

८. "शहीद प्रेम ढकाल स्मृति आधारभूत (१५ शैय्या) अस्पताल" भवन निर्माण सम्पन्न भई गाउँपालिकालाई हस्तान्तरण तथा उद्घाटन गरिएको छ। हाल आंशिक रूपमा स्वास्थ्य सेवा सञ्चालनमा रहेको उक्त अस्पतालमा आगामी आ.व. २०८३/०८४ को प्रारम्भदेखि MDGP डाक्टरसहित पूर्ण रूपमा गुणस्तरीय स्वास्थ्य सेवा सञ्चालन गर्ने लक्ष्य साथ अगाडि बढाइएको छ।

९. ताकुकोट – हुँडीफाँट – सौरपानी सडक खण्ड अन्तर्गत हुँडीखोलामा ४ वटा कलभर्ट पुलको ठेक्का आव्हान भई कार्यान्वयनको चरणमा रहेको छ।

१०. चनौटे–पाल्खु–गाउँपालिका केन्द्र जोड्ने कालोपत्रे सडक स्तरोन्नति कार्य निर्माणाधीन रहेको छ। आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित निर्माण कार्यलाई तीव्रता दिइएको छ।

११. यस गाउँपालिका भित्र सञ्चालित विभिन्न सडक पूर्वाधार मध्ये हाल सम्म कुल २९ कि.मी. कालोपत्रे सडक, २.८७ कि.मी. ढलान (RCC) सडक र ९.७० कि.मी. सडक ग्राभेल गर्ने कार्य सम्पन्न गरिएको छ ।

१२. गाउँपालिका कार्यालय घेरावार (Fencing) तथा कर्मचारी आवास भवन मर्मत कार्य यसै आर्थिक वर्षभित्र सम्पन्न हुने गरी निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

१३. पर्यटन पूर्वाधार विकास अन्तर्गत **सहिद दिल बहादुर रम्तेल स्मृति पार्क**मा नेपालका प्रथम सहिद लखन थापा मगर, सहिद सुरेश वाग्ले, यज्ञ बहादुर थापाको अर्धकदको सालिक (Statue), सन् १९९७ मा तत्कालीन राणा सरकारद्वारा मारिएका चार सहिदहरू (धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, शुक्रराज शास्त्री र दशरथ चन्द), झापा आन्दोलनका योद्धाहरूको सालिक एवं यस गाउँपालिका स्थायी ठेगाना भई जनयुद्धको क्रममा सहादत प्राप्त गर्ने २८ जना सहिदहरू र १ जना बेपत्ता योद्धाको स्मृति तथा सम्मानमा स्तम्भ निर्माण कार्य सम्पन्न हुने अवस्थामा पुगेको छ ।

१४. भवन निर्माण अन्तर्गत गाउँपालिकाका विभिन्न वडाहरूमा कुल १७ वटा सामुदायिक भवनहरूको निर्माण तथा पुराना भवनहरूको स्तरोन्नति कार्य सम्पन्न गरिएको छ ।

१५. अन्य पूर्वाधार संरचनाहरू अन्तर्गत हाल सम्म ३.१३ कि.मी. पक्की सिँढी बाटो निर्माण, २६ वटा साना तथा मझौला सिंचाइ आयोजना, २ वटा सार्वजनिक पार्क निर्माण, २६ वटा खाने पानी आयोजना , ९७ वटा शौचालय तथा ३ वटा ढल निकास संरचना निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

१६. गाउँपालिकाभित्र उपभोक्ता समितिमार्फत सञ्चालन भएका योजनाहरूको समष्टिगत भौतिक कार्यस्थिति अन्तर्गत कुल स्वीकृत १९५ वटा योजना १७८ वटा योजनाको सम्झौता सम्पन्न भई हालसम्म १४८ वटा योजनाहरूको निर्माण कार्य पूर्ण रूपमा सम्पन्न भइसकेको छ र कुल १२४ वटा योजनाहरूको अन्तिम भुक्तानी समेत भइसकेको छ ।

१७. धार्मिक तथा सांस्कृतिक सम्पदा संरक्षण तर्फ ३ वटा मन्दिर निर्माण/संरक्षण, १ वटा बौद्ध गुम्बा निर्माण तथा २ वटा शवदाह स्थल निर्माण कार्य सम्पन्न गरिएको छ ।

१८. खरिद तथा बोलपत्र सम्बन्धी विषयमा प्राविधिकहरूका लागि ३ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको छ ।

१९. कक्षा ६ मा अध्ययनरत तथा १० वर्ष उमेर समूहका ११३ जना किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरुद्ध HPV खोप प्रदान गरिएको छ ।

२०. २ वर्षमुनिका ३०२ जना बालबालिकाको वृद्धि अनुगमन (Growth Monitoring) सम्पन्न गरी प्रोत्साहनस्वरूप प्रत्येक भेटमा प्रति बालबालिका ४ वटाका दरले अण्डा वितरण गरिएको छ।

२१. ६४५ जना ज्येष्ठ नागरिकले निःशुल्क स्वास्थ्य सेवा तथा परामर्श सेवा प्राप्त गरेका छन् ।

२२. "बारपाक सुलिकोटको चेलीः उपाध्यक्षको कोसेली" कार्यक्रम मार्फत १२५ जना गर्भवती महिलालाई पोषण सामाग्री वितरण गरिएको छ ।

२३. PNC भेटघाट कार्यक्रम अन्तर्गत ७८ जना सुत्केरी आमा तथा नवजात शिशुको घरमै पुगेर निःशुल्क स्वास्थ्य परीक्षण गरिएको छ ।

२४. स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकेका ६१ जना जोखिममा रहेका गर्भवती महिलालाई सुविधासम्पन्न अस्पतालमा रिफर (Refer) गरिएको छ।

२५. शल्यक्रियासहितको निःशुल्क आँखा शिविरबाट ८१५ जना नागरिक लाभान्वित भएका छन्, जसमा ३५ जनाको निःशुल्क अपरेशन तथा २६० जनालाई चश्मा वितरण गरिएको छ ।

२६. स्त्रीरोग सम्बन्धी उपचार सेवा अन्तर्गत ५४ जना VIA Positive भएका महिला, ८६ जना संक्रमण भएका बिरामी तथा ४७ जना आङ खस्ने समस्या (Uterus Prolapse) भएका महिलाहरुलाई थप उपचारको लागि प्रादेशिक अस्पतालमा रिफर गरिएको छ ।

२७. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यानसर रोगी तथा मेरुदण्ड पक्षघात भएका ७४ जना बिरामीलाई औषधि उपचार बापत जनही मासिक रु. ५,०००/- का दरले वार्षिक रु. ६०,०००/- आर्थिक सहयोग उपलब्ध गराइएको छ ।

२८. नेपाल सरकारको उपचार सहुलियत अनुदान कार्यक्रम अन्तर्गत आर्थिक रूपमा विपन्न ३२ जना नागरिकहरूलाई जनही रु. १,००,०००/- का दरले निःशुल्क उपचार पाउनका लागि सिफारिस गरिएको छ, जसमा ५ जना मृगौला रोगी, १८ जना क्यान्सर रोगी, ७ जना मुटु रोगी तथा २ जना हेड इन्जुरी/स्पाइनल इन्जुरी भएका बिरामी रहेका छन् ।

२९. क्षयरोग खोज पड्ताल तथा नसर्ने रोगको बृहत् शिविरबाट २,९७७ जनाले सेवा प्राप्त गरेका छन् । जसमध्ये ६४३ जना मोटोपना, १८ जना मधुमेह, ९१० जना उच्च रक्तचाप तथा १० जना क्षयरोगका बिरामी पहिचान भई आवश्यक व्यवस्थापन गरिएको छ ।

३०. विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविरबाट ९५६ जनाले सेवा प्राप्त गरेका छन्, जसमा ९३ जनाले मुटुको इको (ECHO) सेवा, १४३ जनाले हाडजोर्नी सेवा तथा ८९ जनाले बालरोग सेवा प्राप्त गरेका छन्।

३१. 'रुम टु रिड' (Room to Read) को आर्थिक तथा प्राविधिक सहयोग र एकीकरण नेपालको साझेदारीमा सञ्चालित साक्षरता कार्यक्रमलाई गाउँपालिकाले निरन्तरता दिएको छ, जस अन्तर्गत १२ विद्यालयमा नमूना प्रदर्शन ढाँचामा, १० विद्यालयमा सहकार्य ढाँचामा तथा ८ विद्यालयमा प्राविधिक सहयोग ढाँचामा (कुल ३० विद्यालय) कार्यक्रम सञ्चालन गरिएको छ।

३२. बराम तथा दलित समुदायका विद्यार्थीहरूलाई स्नातक (Bachelor) तथा स्नातकोत्तर (Master) तहमा अध्ययन गर्न प्रोत्साहन स्वरुप छात्रवृत्ति प्रदान गरिएको छ।

३३. गाउँपालिकाको अस्पताल वा स्वास्थ्य संस्थामा शैक्षिक उपाधि पश्चात कम्तीमा ३ वर्ष सेवा गर्ने सर्तसहित MBBS अध्ययनरत १ जना विद्यार्थीलाई विगत दुई वर्षदेखि निरन्तर छात्रवृत्ति प्रदान भइरहेको छ।

३४. विद्यार्थीहरूमा खेलकुद प्रतिभाको विकासका लागि 'बारपाक सुलिकोट रनिङ शिल्ड प्रतियोगिता' नियमित रूपमा सञ्चालन गरिएको छ। स्थानीय युवा क्लब तथा टोलस्तरीय खेलकुद प्रतियोगिताहरूमा खेल सामाग्री, आर्थिक सहयोग तथा प्रोत्साहन उपलब्ध गराइएको छ।

३५. रनिङ शिल्ड प्रतियोगिता व्यवस्थित सञ्चालनका लागि मनास्लु युवा क्लब बहाकोटसँग सम्झौता गरी १० जना युवालाई खेलकुद स्वयंसेवकको रूपमा परिचालन गरिएको छ।

३६. माध्यमिक तथा आधारभूत तहका विद्यार्थीहरूको सिर्जनशीलता प्रवर्द्धनका लागि पालिकास्तरीय विज्ञान प्रदर्शनी कार्यक्रम सञ्चालन गरिएको छ।

३७. अनाथ र असहाय बालबालिकाहरूलाई शिक्षाबाट बञ्चित हुन नदिन मनास्लु आधारभूत विद्यालय (वडा नं. ६ बहाकोट) मा निःशुल्क छात्रावास सञ्चालन गरिएको छ, जसमा २१ जना छात्रछात्राहरूले पूर्ण आवासीय सुविधा प्राप्त गरिरहेका छन्।

३८. विद्यार्थीहरूको पढाइसँगै थप सीपको विकास गराउनका लागि सृजनशिल शुक्रबार कार्यक्रम, माध्यमिक तह स्तरीय वक्तृत्वकला, तीजगीत एवं नृत्य, र हाजिरी जवाफ प्रतियोगिता जस्ता अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरिएका छन्।

३९. बारपाक बहुप्राविधिक शिक्षालयमा "पढ्दै कमाउँदै" कार्यक्रम सञ्चालन गरिएको छ तथा त्यहाँ अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई ५० प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने लगायतको खर्च गाउँपालिकाले ब्यहोर्दै आइरहेको छ।

४०. विद्यालयको समग्र सुधारका लागि अभिभावक शिक्षा कार्यक्रम, किशोर–किशोरी शिक्षा कार्यक्रम, विद्यालय व्यवस्थापन समितिको क्षमता विकास तालिम तथा विद्यालय सुधार योजना (SIP) कार्यशाला सञ्चालन गरिएको छ।

४१. उच्च औसत ग्रेड प्वाइन्ट (GPA) का आधारमा गणतन्त्र दिवसको अवसरमा ३२ जना उत्कृष्ट शिक्षक तथा २० जना उत्कृष्ट विद्यार्थीलाई नगदसहित सम्मान गरिएको छ।

४२. लोपोन्मुख बराम भाषा संरक्षणका लागि अन्तर ज्योति माध्यमिक विद्यालयमा कक्षा १, २ र ३ मा नियमित रूपमा बराम भाषा कक्षा सञ्चालन गरिएको छ।

४३. शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सम्बन्धी २ दिने अनुशिक्षण तालिम ३० जना फोकल शिक्षकहरूलाई प्रदान गरिएको छ।

४४. आधारभूत तह कक्षा ६–८ को स्थानीय विषय "***हाम्रो बारपाक सुलिकोट***" को पाठ्यक्रम पूर्ण रूपमा तयार गरी शिक्षण सिकाईमा लागू गरिएको छ।

४५. वडा नं. ४ सिम्बुमा बाँस, निगालो तथा काठबाट डोको, नाङ्लो, डालो उत्पादन सम्बन्धी सीप विकास तालिम सञ्चालन गरी सिम्बु नाङ्लो व्यावसायिक समूहलाई २० प्रतिशत लागत साझेदारीमा बाँसको चोया निकाल्ने मेसिन हस्तान्तरण गरिएको छ।

४६. देउराली साबुन व्यवसायिक समूहमा मेसिनमार्फत कपडा धुने साबुन उत्पादन तथा प्याकेजिङ गरी 'देउराली साबुन' ब्राण्डका रूपमा सुलभ मूल्यमा बिक्री वितरण सुरु गरिएको छ।

४७. अल्लो र ऊनको धागोबाट हाते तानमार्फत कपडा तथा लोक्ताबाट नेपाली कागज उत्पादन गरी बिक्री वितरण सुरु गरिएको छ भने बारपाक ऊन र रन्चोक अल्लो व्यवसायिक समूहलाई हाते तान हस्तान्तरण गरी अल्लो धागो प्रशोधन कार्य सञ्चालन गरिएको छ।

४८. डिभिजन वन कार्यालयको आर्थिक सहयोगमा लोक्ताबाट नेपाली कागज प्रशोधन तथा ऊन र अल्लोबाट कपडा उत्पादन सम्बन्धी १० दिने प्राविधिक सीप विकास तालिम सञ्चालन गरिएको छ।

४९. वडा नं. ४ सौरपानीस्थित घुन्चोक पञ्चेबाजा व्यवसायिक समूहलाई उद्यमीहरूको २० प्रतिशत लागत साझेदारीमा नौमती पञ्चेबाजा सेट हस्तान्तरण गरिएको छ।

५०. आवश्यकताका आधारमा गाउँपालिकाका सवारी साधनहरूको नियमित मर्मत गरी सञ्चालनमा ल्याइनुका साथै जिन्सी अवधि समाप्त भएका सबै सवारी साधनको समयमै ब्लुबुक (विल बुक) नवीकरण तथा बीमा कार्य सम्पन्न गरिएको छ।

५१. सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा अत्यावश्यक फर्निचर, कम्प्युटर र ल्यापटप तथा स्वास्थ्य उपकरणको थप व्यवस्था गरिएको छ।

५२. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था लगायतको जिन्सी निरीक्षण कार्य सम्पन्न गरी गाउँपालिकाको चल-अचल सम्पत्तिको वैज्ञानिक अभिलेखीकरण गरिएको छ।

५३. ५० प्रतिशत अनुदान सहायतामा गाउँपालिकाभित्रका १९ जना व्यावसायिक कृषकलाई हाते ट्र्याक्टर (Mini Tiller) वितरण गरिएको छ।

५४. उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत कृषकहरूलाई ५,४०० केजी किवी, १,२१२ केजी अकबरे खुर्सानी, २,००० केजी तरकारी, ३०० केजी मह तथा ८० मुरी खाद्यान्न उत्पादनमा अनुदान रकम प्रदान गरिएको छ।

५५. मौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं ३ र ४ का ३२ जना कृषकलाई ३ दिने आधारभूत तालिम प्रदान गरिएको छ।

५६. बारपाक क्षेत्रका कृषकलाई ७५% अनुदानमा टनेल प्लाष्टिक र मल्चिङ प्लाष्टिक वितरण गरिएको छ।

५७. बेमौसमी वर्षाका कारण वडा नं. ३, ४, ५, ६, ७ र ८ मा कुल १,४१५ रोपनी क्षेत्रफलमा ५,६०५ मुरी धानबाली क्षति भएकोमा प्राविधिकहरूको स्थलगत प्रतिवेदनका आधारमा प्रति रोपनी रु. ५०० का दरले राहत उपलब्ध गराइएको छ।

५८. माटो तथा बाली उपचार शिविर अन्तर्गत वडा नं. १ र २ मा ३५ जना र वडा नं. ४ मा ४० जना कृषकहरुको गरि कुल ७५ जना कृषकहरुको माटो परीक्षण कार्य सम्पन्न गरिएको छ।

५९. कागते खर्क कृषि परियोजना अन्तर्गत कृषि विकास कार्यालय गोरखासँग समन्वय गरी ८० रोपनी क्षेत्रफलमा आलु खेती गरिएको छ भने यस वर्ष थप ४०० रोपनी क्षेत्रफलमा ८५० वटा ओखरका बेर्ना (बिरुवा) वितरण गरिएको छ।

६०. पशु स्वास्थ्य तथा औषधि खरिद गरि निःशुल्क पशु स्वास्थ्य औषधि वितरण, खोप तथा शिविर कार्यक्रम सञ्चालन गरिएको छ। यसबाट गाउँपालिकाका ४,४१० घरधुरी कृषकका ३०,४३४ पशु तथा ५,९८४ पन्छीले प्रत्यक्ष सेवा प्राप्त गरेका छन्।

६१. उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत ८९३ घरधुरी कृषकले ८३,३९२ केजी खसीबोका तथा ३७,२९२ केजी राँगा तौल गराएका छन्, जसबाट कुल ९०९ घरधुरी लाभान्वित भई भुक्तानी प्रक्रियामा रहेका छन्।

६२. गाउँपालिकाका सबै वडाहरूमा कृत्रिम गर्भाधान (AI) सेवा सञ्चालन भई नश्ल सुधार मार्फत हालसम्म १९ वटा उन्नत जातका पाडापाडी तथा बाछाबाछी जन्मिएका छन्।

६३. बारपाक क्षेत्रका भेडापालक कृषकहरूलाई लक्षित गरी कुल ४,५०० भेडाहरूलाई विभिन्न रोग विरुद्धको उपचार तथा प्राविधिक सेवा प्रदान गरिएको छ।

६४. बाख्रा प्रवर्द्धन तथा विकास कार्यक्रम अन्तर्गत कृषकहरूको ५० प्रतिशत लागत साझेदारीमा विभिन्न वडाहरूमा ३५ वटा नयाँ/आधुनिक बाख्रा खोर निर्माण, ३८ वटा खोर मर्मत तथा सुधार गरी ७ वटा उन्नत जातका ब्याड बोका वितरण गरिएको छ।

६५. पशु विज्ञ केन्द्र गोरखा सँग समन्वय गरी पशुहरूमा पूर्ण खोप कार्यक्रम निरन्तर रूपमा सञ्चालन गरिएको छ।

६६. रेबिज रोग नियन्त्रण तथा सामुदायिक कुकुरहरूको संख्या व्यवस्थापनका लागि बारपाक बजारमा २ दिने कुकुर बन्ध्याकरण शिविर तथा रेबिज खोप कार्यक्रम सञ्चालन गरिएको छ।

६७. किसानहरूको मनोबल उच्च बनाउन विभिन्न विधाका १६ जना उत्कृष्ट कृषक/किसानहरू छनोट गरी जनही रु. १०,०००/- नगद तथा प्रमाणपत्र सहित सम्मान गरिएको छ।

६८. आगलागीबाट क्षति भएका २ वटा निजी आवासलाई जनही रु. २०/२० हजार तथा गोठ र गाई क्षति भएका १ जना पिडित परिवारलाई रु. २५,०००/- राहत उपलब्ध गराइएको छ।

६९. मनसुनजन्य विपदबाट प्रभावित भएका ११ घरपरिवारलाई क्षतिको प्रकृतिका आधारमा रु. ७,०००/- देखि रु. ४५,०००/- सम्म आर्थिक राहत उपलब्ध गराइएको छ।

७०. प्राकृतिक विपदका कारण पूर्ण रूपमा क्षति भएको १ वटा निजी आवासको पुनर्निर्माण कार्य सम्पन्न गरी नियमानुसार भुक्तानी गरिएको छ।

७१. विपद्को जोखिमयुक्त अवस्थालाई मध्यनजर गर्दै तत्काल उद्धारका लागि आवश्यक त्रिपाल र ग्याबिन जालीहरू खरिद गरी प्रभावित क्षेत्रमा उपलब्ध गराइएको छ।

७२. संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठन (FAO) सँगको सहकार्यमा तय भएका ८ मध्ये ७ वटा पहिरो नियन्त्रण योजनाहरू (बायो-इञ्जिनियरिङ प्रविधि मार्फत) सम्पन्न भएका छन्।

७३. विपद् व्यवस्थापन र तत्काल उद्धार कार्यलाई चुस्त बनाउन सशस्त्र प्रहरी बलसँगको सहकार्यमा २ दिने खोज तथा उद्धार सम्बन्धी प्राविधिक तालिम सञ्चालनको तयारी गरिएको छ।

७४. वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका वडा नं. ४ का १ जना श्रमिकको परिवारलाई वैदेशिक रोजगार बोर्डबाट रु. १० लाख तथा बीमा बापत रु. १४ लाख गरी कुल रु. २४ लाख प्राप्त गराउन आवश्यक कानूनी समन्वय गरिएको छ।

७५. वैदेशिक रोजगारीमा रहेका १ जना श्रमिकको परिवारको जटिल स्वास्थ्य उपचारका लागि आर्थिक सहायता उपलब्ध गराउन आवश्यक समन्वय गरिएको छ।

७६. वैदेशिक रोजगारबाट फर्की पुनः विदेश जान चाहने २५ जना व्यक्तिहरूको अनलाइन प्रणाली मार्फत पुनः श्रम स्वीकृति (Re-entry) प्रदान गरिएको छ।

७७. वैदेशिक रोजगार सन्तति छात्रवृत्तिका लागि योग्य देखिएका ७ जना विद्यार्थीहरूलाई सिफारिस गरिएको छ ।

७८. आगामी आर्थिक वर्ष २०८३/८४ का लागि EMIS प्रणालीमा बेरोजगार व्यक्तिहरूको सूचीकरण दर्ता तथा नवीकरण कार्य ८ वटै वडाहरूमा सम्पन्न गरिएको छ ।

७९. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई स्वरोजगार बनाउन र स्थानीय सीप प्रवर्द्धनका लागि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ ।

८०. नेपाल पर्यटन बोर्डसँगको साझेदारीमा गाउँपालिका भित्रका ८ वटै वडाका कुल ३५ जना होमस्टे/होटल व्यवसायीहरूलाई आतिथ्यता (Hospitality) तथा रैथाने पाक शिक्षा सम्बन्धी तालिम प्रदान गरिएको छ। साथै, गाउँपालिकाभित्रका विभिन्न पर्यटकीय स्थल जाने मार्गहरूमा मार्गनिर्देशक साइन बोर्डहरू राखिएको छ ।

८१. बारपाक सुलिकोट गाउँपालिका र नेपाल अपाङ्ग महिला संघको सहकार्यमा “अपाङ्ग भएका व्यक्तिहरूको न्यायमा पहुँच र कानुनी सचेतना कार्यक्रम” सञ्चालन गरिएको छ ।

८२. त्रैमासिक रूपमा वितरण गरिने सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरूको सहजताका लागि विभिन्न बैंक तथा वित्तीय संस्थाहरूसँग सहकार्य गरी टोल-टोलमा घुम्ती शिविर मार्फत हातहातमै वितरण गरिएको छ।

८३. सामाजिक सुरक्षा भत्ता वितरण र नवीकरण कार्यलाई सरल, परिष्कृत र पारदर्शी बनाउन १० थान 'Biometric Scanner Device' र ३ थान 'Iris Scanner' (आँखा स्क्यान गर्ने प्रविधि) खरिद गरी प्रयोगमा ल्याइएको छ ।

८४. चालु आ.व.को साउन र भदौ महिनामा ४,११४ जना सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरूको नवीकरण कार्य सम्पन्न गरिएको छ। साथै, गाउँपालिका बाहिर रहेका लाभग्राहीहरूलाई लक्षित गरी चितवन र काठमाडौँमा शिविर सञ्चालन गरी ४२५ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

८५. बारपाक बहुप्राविधिक शिक्षालय र मनास्लु छात्रावासको माग अनुसार १२ वटा फलामका दुईतले खाट निर्माण गरी वितरण गरिएको छ ।

८६. मनास्लु छात्रावासमा आवासीय रूपमा बस्ने बालबालिकाहरूलाई पोशाकहरू खरिद गरी वितरण गरिएको छ ।

८७. सामाजिक सुरक्षा र पञ्जिकरण कार्यलाई थप व्यवस्थित बनाउन वडा सचिवहरू तथा जनप्रतिनिधिहरूका लागि ३ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

८८. सामाजिक सुरक्षा भत्ता तर्फ पहिलो, दोस्रो र तेस्रो त्रैमासिकमा गरि चालू अवधि सम्ममा जम्मा रु. १२,६२,०४,३४७/- सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। (चौथो किस्ताको वितरण प्रक्रियामा रहेको छ)।

८९. चालू आर्थिक वर्षमा गाउँपालिका अन्तर्गत जन्म ५९६, मृत्यु २७७, सम्बन्धविच्छेद ५२, विवाह ३००, बसाइँसराई आएको ४५ तथा बसाइँसराई गएको ३०७ गरी जम्मा १,३१९ वटा व्यक्तिगत घटना दर्ता सम्पन्न गरिएको छ ।

९०. चालू आर्थिक वर्षमा नयाँ १६ जना जेष्ठ नागरिक र १३ जना अपाङ्गता भएका व्यक्तिहरूलाई नयाँ परिचयपत्र तथा १२ जनालाई अपाङ्गता परिचयपत्रको प्रतिलिपि वितरण गरिएको छ।

९१. लैंगिक हिंसा विरुद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियानको अवसरमा वडा नं. ५, ६, ७, र ८ मा बृहत् सचेतना कार्यक्रम सम्पन्न गरिएको छ ।

९२. ३४ औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरूको उपस्थितिमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनुका साथै अपाङ्गता भएका व्यक्तिहरूलाई न्यानो कपडा वितरण गरिएको छ।

९३. गरिब घरपरिवार पहिचान कार्यक्रम अन्तर्गत सबै वडाहरूमा गणकहरू खटाई घरधुरी सर्वेक्षण तथा तथ्याङ्क संकलन कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ ।

९४. महालेखा परीक्षकको वार्षिक प्रतिवेदनअनुसार गाउँपालिकाले जिल्लामै न्यून बेरुजु कायम गर्न सफलता हासिल गरेको छ, जसले वित्तीय अनुशासन तथा सुशासनप्रतिको प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको छ।

**गाउँसभा सदस्यज्यूहरू,**

नेपालको संविधान २०७२ले परिकल्पना गरेको समृद्ध, न्यायपूर्ण, समावेशी तथा समाजवादउन्मुख समाज निर्माणको राष्ट्रिय आकांक्षा, दिगो विकास लक्ष्य (SDGs), नेपाल सरकारको सोह्रौँ आवधिक योजना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानुन, संघ तथा गण्डकी प्रदेश सरकारका वार्षिक नीति तथा कार्यक्रम,

राष्ट्रिय तथा प्रदेशस्तरीय विकासका प्राथमिकता एवं स्थानीय आवश्यकता र सम्भावना, गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनालाई आधार मानी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरी प्रस्तुत गरेको छु।

सीमित स्रोत–साधनको अधिकतम परिचालन गर्दै सुशासन, पारदर्शिता, उत्तरदायित्व, प्रभावकारी सेवा प्रवाह, उत्पादन तथा उत्पादकत्व वृद्धि, स्थानीय आर्थिक विकास, सामाजिक न्याय, लैङ्गिक समानता, वातावरण संरक्षण, पूर्वाधार विकास, जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा डिजिटल सुशासनलाई यस नीति तथा कार्यक्रमका प्रमुख प्राथमिकताका रूपमा लिइएको छ।

वडा, टोल तथा बस्तीस्तरबाट प्राप्त योजना तथा सुझाव, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सहकारी संस्था लगायत सरोकारवालाहरूको सहभागिता तथा विगतका नीति, कार्यक्रम र बजेट कार्यान्वयनबाट प्राप्त अनुभव, उपलब्धि र सिकाइका आधारमा यथार्थपरक, परिणाममुखी र दिगो विकास उन्मुख कार्यक्रमहरू प्रस्ताव गरिएको छ।

## मुख्य उद्देश्य

- गुणस्तरीय सार्वजनिक सेवा, सुशासन, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्ने।
- स्थानीय स्रोत, साधन र अवसरको अधिकतम उपयोग गरी उत्पादन, उत्पादकत्व, आयआर्जन र रोजगारी वृद्धि गर्ने।
- कृषि आधुनिकीकरण, पर्यटन, घरेलु उद्योग तथा उद्यमशीलतामार्फत स्थानीय अर्थतन्त्र सुदृढ बनाउने।
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइ सेवामा सर्वसुलभ पहुँच सुनिश्चित गर्ने।
- दिगो, सुरक्षित, गुणस्तरीय र विपद्उत्थानशील पूर्वाधार निर्माण गर्ने।
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण र सामाजिक न्याय प्रवर्द्धन गर्ने।
- डिजिटल सेवा प्रवाह, स्मार्ट स्थानीय शासन, तथ्याङ्कमा आधारित निर्णय र वित्तीय सुशासन सुदृढ गर्ने।

## प्रमुख आधार क्षेत्र र प्राथमिकताहरू

- सुशासन तथा संस्थागत विकास, सामाजिक विकास, आर्थिक विकास, पूर्वाधार विकास, तथा वन–वातावरण–जलवायुपरिवर्तन–विपद् व्यवस्थापनलाई पाँच मुख्य आधार क्षेत्रका रूपमा लिइनेछ।

❖ आवधिक योजना, आयोजना बैंक (Project Bank) तथा मध्यमकालीन खर्च संरचना (MTEF)मा आधारित वैज्ञानिक, सहभागितामूलक तथा नतिजामूलक योजना तर्जुमा प्रणालीलाई संस्थागत गरिनेछ ।

❖ डिजिटल सुशासन, पारदर्शी सेवा प्रवाह, राजस्व परिचालन, वित्तीय अनुशासन तथा LGPAS र दिगो विकास लक्ष्य (SDGs) का सूचकमा उत्कृष्ट कार्यसम्पादन हासिल गर्ने नीति अवलम्बन गरिनेछ ।

❖ गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी सेवाको विस्तार, 'एक घर एक धारा' अभियान, लक्षित वर्ग सशक्तीकरण तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिइनेछ ।

❖ उत्पादनमा आधारित कृषि तथा पशुपालन प्रवर्द्धन, युवा उद्यमशीलता, पर्यटन विकास, गुणस्तरीय सडक, पुल तथा सिँचाइ पूर्वाधार विस्तार, वन तथा जैविक विविधता संरक्षण र विपद् पूर्वतयारी तथा उत्थानशीलतालाई उच्च प्राथमिकता प्रदान गरिनेछ ।

❖ स्रोतमै वर्गीकरण, पुनःप्रयोग र पुनर्चक्रण' को सिद्धान्त अवलम्बन गरी दिगो तथा वातावरणमैत्री फोहोरमैला व्यवस्थापन प्रणाली कार्यान्वयन गरिनेछ।

## १. सामाजिक विकास क्षेत्र

### १.१ शिक्षा नीति

❖ अभिभावक विहिन बालबालिकाको लागि सञ्चालन गरिएको मनासलु छात्रावासलाई थप विस्तार गरिनेछ ।

❖ स्थानीय भूगोल, इतिहास, भाषा, संस्कृति, जैविक विविधता र रैथाने ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुका साथै कक्षा ६-८ को लागि कला, संस्कृति र देशभक्तिपूर्ण चेतना जगाउने स्थानीय विषयको पाठ्यपुस्तक लागु गरिनेछ ।

❖ विद्यालय स्तरीकरण तथा वृहत अनुगमन सूचकका आधारमा विद्यालय सुधार योजना (SIP) लागू गरी शैक्षिक, भौतिक एवं गुणस्तर अभिवृद्धि गरिनेछ र सूचककै आधारमा दण्ड र पुरस्कारको व्यवस्था मिलाइनेछ ।

❖ अभिभावक शिक्षा, सचेतना लगायतका कार्यक्रम गरी उत्कृष्ट अविभावकलाई पुरस्कृत गरिनेछ ।

❖ शिक्षक-विद्यार्थी र अभिभावकको हरेक ४ महिनामा समीक्षा बैठक गरिनेछ ।

❖ शिक्षकहरुलाई विषयगत तालिम र पुरस्कारको व्यवस्था गरिनेछ ।

❖ कक्षा ५ र ८ को गाउँपालिकास्तरीय परिक्षालाई मर्यादित बनाइनेछ, उत्कृष्ट शिक्षक तथा विद्यार्थीलाई परस्कृत गरिनेछ।

❖ सीपयुक्त र दक्ष जनशक्तिको विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विकासमा जोड दिइनेछ।

❖ बारपाक सुलिकोट भित्रको विद्यालय शिक्षा (+२ सम्म ) लाई अनिवार्य तथा निशुल्क गर्ने कामलाई निरन्तरता दिइनेछ।

❖ विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको पहिचान, भर्ना, टिकाउ दर वृद्धि र सिकाइ सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुका साथै अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ बमोजिम "अनिवार्य तथा नि:शुल्क शिक्षा सुनिश्चित गाउँपालिका" घोषणा गरिनेछ र आधारभूत शिक्षा अनिवार्य तथा माध्यमिक शिक्षा नि:शुल्क गर्न थप कार्यक्रम ल्याइनेछ।

❖ ई–लर्निङ, डिजिटल कक्षा, सूचना प्रविधिमैत्री शिक्षण-सिकाइ प्रणालीको विकास गर्नुका साथै माध्यमिक तहका विद्यार्थीका लागि आधारभूत कम्प्युटर सीप तालिमलाई निरन्तरता दिइनेछ।

❖ सबै विद्यालयमा विज्ञान र गणित विषय अनिवार्य रूपमा अंग्रेजी माध्यमबाट शिक्षण गर्ने व्यवस्था मिलाइनेछ र गुणस्तर सुधारका लागि प्रयोगशाला, STEM सामग्री, पुस्तकालय, इन्टरनेट जस्ता पूर्वाधार सुदृढ गर्ने नति लिइनेछ।

❖ विद्यालय भवन र कक्षाकोठालाई भूकम्प प्रतिरोधी, बालमैत्री, अपाङ्गतामैत्री तथा समावेशी बनाइनेछ र बालमैत्री शौचालय, घेरावार, खेलमैदान एवं स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ।

❖ शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको लागि सेवामूलक, विषयगत तथा नेतृत्व विकास तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

❖ उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीहरुलाई नगद पुरस्कार, प्रशंसापत्र तथा सार्वजनिक सम्मानमार्फत प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

❖ बराम, दलित र भुजेल समुदायका स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी तथा सहिदका बालबच्चा, द्वन्द्वपीडित, अपाङ्ग रअतिविपन्न परिवारका बालबालिकालाई प्राविधिक शिक्षा पढ्नका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

❖ अध्ययन सकेपछि गाउँपालिका अन्तर्गतका अस्पताल तथा स्वास्थ्य संस्थामा कम्तीमा ३ वर्ष अनिवार्य सेवा दिने सर्तमा सुरु गरिएको MBBS छात्रवृत्ति योजनालाई निरन्तरता दिइनेछ।

❖ बारपाक बहुप्राविधिक शिक्षालयमा सञ्चालित कार्यक्रमलाई आवाससहित गुणस्तरीय शिक्षा दिने व्यवस्था गर्दै थप कार्यक्रम विस्तार गरिनेछ।

❖ उमेर पुगेका विद्यालय कर्मचारीले सेवाबाट अवकाश लिन चाहेमा आकर्षक प्याकेजको व्यवस्था गरिनेछ।

- ❖ शैक्षिक क्षेत्रको अनुगमन तथा मूल्यांकनलाई नियमित र प्रभावकारी बनाउन श्रोत शिक्षक परिचालनमा जोड दिइनेछ।
- ❖ खेलकुद र अतिरिक्त क्रियाकलापका साथै विद्यालयहरूमा स्काउट, रेडक्रस सर्कल, बालक्लब र किशोरी क्लबहरू गठन गरिनेछ।
- ❖ **"अध्यक्षसँग विद्यार्थी कार्यक्रम"** सञ्चालन गरी विद्यार्थीहरूलाई गाउँपालिकाको बारेमा सुसूचित बनाउने कोसिस गरिनेछ।
- ❖ सन् २०७७ देखि २०८५ सम्मको अवधिलाई **"सार्वजनिक विद्यालय सबलीकरण दशक"** को रूपमा सफल पार्न सहयोग पुग्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- ❖ विद्यार्थीहरूको दिवा खाजाका लागि रैथाने बाली तथा स्थानीय क्षेत्रमा उत्पादन भएका खाद्य वस्तुहरूको प्रयोगमा ल्याउन आवश्यक व्यवस्था मिलाइनेछ।
- ❖ स्वाँरा माझथरमाविको छात्रावासलाई यसै वर्ष सम्पन्न गर्ने र टाढाका विपन्न विद्यार्थीलाई संरक्षण टेवा पुर्याउने छ।
- ❖ गाउँपालिकामा नयाँ नियुक्ति भएका शिक्षक कर्मचारीहरूलाई कम्तीमा १ वर्षसम्म एक विद्यालयबाट अर्कोमा र २ वर्षसम्म गाउँपालिका बाहिर सरुवा जान सहमति प्रदान गरिने छैन साथै कमजोरी गर्ने, अटेरी गर्ने शिक्षकलाई कारवाही गरिनेछ।
- ❖ सामुदायिक सिकाइ केन्द्र मार्फत सीपमूलक तालिम तथा विविध कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।
- ❖ जनप्रतिनिधी शिक्षक, कर्मचारीहरुले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउनु पर्ने निति लिइनेछ।

### १.२ स्वास्थ्य नीति

- ❖ **"शहिद प्रेम ढकाल स्मृति आधारभूत अस्पताल" आ.व.२०८३/०८४** मा MDGP डाक्टर सहितका दक्ष प्राविधिक जनशक्तिमार्फत गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।
- ❖ प्रत्येक नागरिकका लागि आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवामा सहज र समन्यायिक पहुँच सुनिश्चित गर्न ३० मिनेटभित्र आधारभूत स्वास्थ्य सेवाको दायरामा ल्याउने गरी स्वास्थ्य सेवा सञ्जाल विस्तार गरिनेछ।
- ❖ **"बारपाक सुलिकोटको चेली उपाध्यक्षको कोशेली"** कार्यक्रम मार्फत गर्भवती महिलालाई पौष्टिक आहार र सुत्केरी पोषण खर्च उपलब्ध गराइनेछ।
- ❖ प्रसुती गृहमा रहेका सुत्केरी र स्याहारकर्ताका लागि खाना तथा खाजाको व्यवस्था गर्न **"आमा भान्छा घर"** सञ्चालन गरिनेछ।

- ❖ मातृ तथा शिशु स्वास्थ्य, गर्भपरीक्षण, पोषण र स्वास्थ्य सचेतना कार्यक्रमलाई वडा/टोल तहसम्म सुदृढ गरिनेछ।
- ❖ प्रत्येक वडामा कम्तिमा वर्षको एक पटक विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- ❖ उच्च जोखिममा रहेका गर्भवती महिलाहरु तथा विपन्न नागरिकलाई समयमै स्वास्थ्य संस्थामा पुर्याउन निःशुल्क एम्बुलेन्स तथा उपचार सेवा उपलब्ध गराइनेछ ।
- ❖ बारपाक सुलिकोटको चेलीः उपाध्यक्षको कोशेली कार्यक्रम मार्फत गर्भ अवस्था तथा सुत्केरी महिलाहरुलाई पौष्टिक आहार नियमित प्रदान गरिनेछ ।
- ❖ विभिन्न महामारी, सरुवा रोग नियन्त्रणको लागि स्वास्थ्यकर्मीको अग्रसरता र नागरिक सचेतनामा जोड दिइनेछ ।
- ❖ संस्थागत सुत्केरी सेवाको पहुँच, बर्थिङ सेन्टर सुदृढीकरण र सेवाको उपयोगमा वृद्धि गर्दै **"शून्य होम डेलिभरी"** को नीति लिइनेछ ।
- ❖ पूर्ण खोप सुनिश्चितता ताथ दिगोपना गाउँपालिका घोषणा प्रक्रियालाई निरन्तरता दिइनेछ ।
- ❖ मानसिक र दीर्घरोगीलाई निःशुल्क रुपमा औषधी प्रदान गर्ने व्यवस्था स्वास्थ्य चौकीबाट मिलाईनेछ ।
- ❖ वर्ष मुनिका बालबालिकाको **कुपोषण दर शून्य** बनाइनेछ र आ.व. २०८३/८४ मा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिई **"पोषण मैत्री"** वडा र गाउँपालिका घोषणा गरिनेछ।
- ❖ किशोर-किशोरीहरूको स्वास्थ्यलाई ध्यानमा राखी विद्यालयमै शारीरिक परीक्षण र रक्तअल्पता (Anemia) को **प्रयोगशाला (Lab) जाँच** गरिनेछ।
- ❖ जेष्ठ नागरिक र 'क' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई **घरदैलोमै पुगेर** नि:शुल्क औषधिसहितको स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- ❖ अति विपन्न, दलित र सीमान्तकृत परिवारलाई स्वास्थ्य बीमा कार्यक्रममा शतप्रतिशत अनुदानसहित आबद्ध गरिनेछ ।
- ❖ नसर्ने रोग, मानसिक स्वास्थ्य, ज्येष्ठ नागरिक स्वास्थ्य र पोषणका लागि विशेष क्लिनिक, विशेषज्ञ घुम्ती स्वास्थ्य शिविर तथा खोप र जनस्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- ❖ आधारभूत अस्पतालमा आँखा जाँच केन्द्र स्थापना गरिनेछ । साथै रञ्चोक बर्थिङ सेन्टर यसै वर्ष निर्माण सम्पन्न गरि आगामी आ.व.को सुरुबाट नै सेवा सञ्चालन गरिनेछ ।
- ❖ स्वास्थ्य संस्थाको सेवा गुणस्तर मूल्याङ्कन र सेवाग्राही सन्तुष्टि सर्वेक्षण नियमित सञ्चालन गरिनेछ।
- ❖ विद्यार्थी संख्या कम भएका विद्यालय समायोजनको काम लाई निरन्तरता दिइनेछ ।

## १.३ खानेपानी तथा सरसफाइ

❖ “एक घर एक धारा” अवधारणालाई पूर्ण कार्यान्वयन गर्दै सबै घरधुरीमा सुरक्षित सफा खानेपानी पहुँच सुनिश्चित गरिनेछ।
❖ सबै सार्वजनिक संस्था, सरकारी कार्यालय र विद्यालयमा सुरक्षित/फिल्टर गरिएको खानेपानी सुविधा अनिवार्य गरिनेछ।
❖ NWASH प्रणालीमा खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी तथ्याङ्क नियमित अद्यावधिक गरिनेछ।
❖ पूर्ण सरसफाइ अभियानलाई आचरण परिवर्तन कार्यक्रमसँग जोडेर निरन्तरता दिइनेछ।
❖ खुला दिसामुक्त अवस्थाको दिगोपना कायम राख्न सार्वजनिक निगरानी र जनचेतना जारी राखिनेछ।
❖ वर्षा पानी संकलन, परम्परागत स्रोत पुनरुत्थान, पानीको दिगो व्यवस्थापन र पानीको गुणस्तर परीक्षण तथा उपचार कार्यलाई निरन्तरता दिइनेछ।
❖ प्लास्टिकमुक्त गाउँपालिका निर्माणको लागि वैकल्पिक उपाय सहित सरसफाई कार्यक्रम लागु गरिनेछ ।
❖ एक घर एक शौचालय कार्यक्रमलाई निरन्तरता दिईनेछ। शौचालय विहिन विपन्न घरपरिवारलाई शौचालय निर्माणमा अनुदान उपलब्ध गराईनेछ।
❖ खानेपानी योजनाको मर्मत–सम्भार कोष, उपभोक्ता समितिको क्षमता विकास र दिगोपन व्यवस्थापन गरिनेछ।
❖ बारपाक बृहत खानेपानी योजनालाई समयमै सम्पन्न गर्न पहल गरिनेछ।
❖ बाह्मुले खाने पानी आयोजनालाई व्यवस्थित बनाउन पहल गरिनेछ।
❖ बारपाक ढल निकास आयोजना यहि वर्ष भित्र सम्पन्न गरिनेछ।

## १.४ सामाजिक, सांस्कृतिक, भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा

❖ लोपोन्मुख अमूर्त सांस्कृतिक सम्पदा, लोकगाथा र ऐतिहासिक सामग्रीको अडियो–भिडियो अभिलेखीकरण तथा डिजिटल दस्तावेजीकरण गरिनेछ।
❖ ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्वका सम्पदाको मौलिकता जोगाउँदै संरक्षण र जीर्णोद्धार गरिनेछ।
❖ परम्परागत उत्सव, जात्रा र पर्वहरूको प्रवर्द्धनमा स्थानीय गुठी र समितिसँग सहकार्य गरिनेछ।
❖ स्थानीय संग्रहालय र सांस्कृतिक केन्द्र स्थापना/विकासमा जोड दिइनेछ।
❖ मौलिक कला, भेषभूषा र संस्कृतिलाई पर्यटन र होमस्टे व्यवसायसँग आबद्ध गरिनेछ।
❖ अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको मातृभाषा संरक्षणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

- ❖ सांस्कृतिक सम्पदाको दिगो संरक्षणका लागि समुदायको अपनत्व र सहभागितामा आधारित साझेदारी मोडल अपनाइनेछ भने अन्य मातृभाषि समुदायको भाषा संरक्षणमा आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

## १.५ युवा, खेलकुद तथा नवप्रवर्तन

- ❖ स्थानीय स्रोतमा आधारित स्वरोजगार र युवा उद्यमशीलता विकासका लागि तालिम, व्यवसाय परामर्श, नवप्रवर्तन/स्टार्टअप र आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- ❖ निर्माणाधिन गाउँपालिका स्तरीय सहिद आशाकाजी श्रेष्ठ स्मृति रंगशालाको निर्माण कार्य यथाशिघ्र सम्पन्न गरिनेछ। बारपाक लगायत गाउँपालिकाका सबै वडाका खेलमैदानलाई योजनावद्ध रुपमा स्तरीकरण गरिनेछ ।
- ❖ बारपाक सुलिकोट रनिङशिल्ड प्रतियोगिता लगायत वडा र पालिकास्तरीय अन्य खेलकुद कार्यक्रमहरु आयोजना गरिनेछ ।
- ❖ युवा उद्यम विकास कार्यक्रम संचालन गरी एक टोल एक युवा उद्यम समुह निर्माण गरी व्यवसायिक लगानिमा आवश्यक प्रोत्साहनको निति लिइनेछ ।
- ❖ बजारको मागअनुसार छोटो अवधिका व्यावहारिक सीपमूलक तथा रोजगारमूलक तालिम सञ्चालन गरिनेछ ।
- ❖ भखौँरै देउरालीमा निर्माण सम्पन्न भएको कभर्डहललाई बन्दखेल (INDOOR GAME)को हबका रुपमा विकास गर्न प्रयत्न गरिनेछ ।
- ❖ विद्यालय र समुदायस्तरमा नियमित खेलकुद गतिविधि विस्तार गरिनेछ ।
- ❖ उत्कृष्ट खेलाडीलाई विशेष प्रोत्साहन, पुरस्कार र सम्मान प्रदान गरिनेछ ।
- ❖ सूचना प्रविधि, कोडिङ, डिजिटल साक्षरता र डिजिटल सीपमा आधारित युवा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ विपद् व्यवस्थापन, सामाजिक चेतना र विकास निर्माणमा युवा स्वयंसेवा तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

## १.६ लैङ्गिक समानता, सामाजिक न्याय, समावेशीकरण तथा सामाजिक सुरक्षा

- ❖ लैङ्गिक उत्तरदायी बजेट (GRB) प्रणालीलाई योजना र खर्च प्रक्रियामा प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- ❖ GEDSI Audit नियमित सञ्चालन गरी नीति र कार्यक्रमको समावेशीपन मूल्याङ्कन गरिनेछ ।

- ❖ महिला हिंसा, घरेलु हिंसा र शोषण विरुद्ध 'शून्य सहनशीलता' नीति अवलम्बन गरिनेछ।
- ❖ बालविवाह न्युनीकरणको लागि आवश्यक पहल गरिनेछ।
- ❖ महिलाहरुको पैत्रिक सम्पत्तिमाथि समान हक स्थापित गर्न विशेष अधिकार सहित समान सहभागीताको ग्यारेन्टी गरिनेछ।
- ❖ जेष्ठ नागरिकका अनुभव, ज्ञान, सीपको कदर गर्ने र उनिहरुका जटिल समस्या सामाधान तिर ध्यान दिइनेछ।
- ❖ महिला उद्यमशीलता, सहकारी आबद्धता, आयआर्जन र आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायको राजनीतिक, सामाजिक र आर्थिक सशक्तीकरणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ बाल अधिकार संरक्षण, बालश्रम निवारण र बालमैत्री स्थानीय शासन (CFLG) प्रवर्द्धन गरिनेछ।
- ❖ जात, धर्म, लिङ्ग वा शारीरिक अवस्थाका आधारमा हुने विभेद अन्त्य गर्दै समान अवसरमा आधारित विकास प्रणालीलाई संस्थागत गरिनेछ।

## १.७ सरकारी तथा गैरसरकारी संघसंस्था परिचालन, समन्वय तथा नियमन

- ❖ गाउँपालिकाभित्र सञ्चालन हुने सबै राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र विकास साझेदारका कार्यक्रमलाई अनिवार्य रूपमा गाउँपालिकाको योजना प्रणालीमा आबद्ध गरिनेछ।
- ❖ साझेदार संस्थाले विनियोजन गर्ने बजेट तथा कार्यक्रम वार्षिक बजेट र कार्यक्रम पुस्तिकामा समावेश भएपछि मात्र कार्यान्वयन गरिने व्यवस्था गरिनेछ।
- ❖ त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा, प्रतिवेदन र प्रभाव मूल्याङ्कन अनिवार्य गरिनेछ।
- ❖ गरिबी निवारण, शिक्षा, स्वास्थ्य, जीविकोपार्जन र अन्य स्थानीय प्राथमिकता क्षेत्रमा साझेदारी विस्तार गरिनेछ।
- ❖ कार्यक्रमको दोहोरोपन हटाई स्रोत–साधनको न्यायोचित र प्रभावकारी परिचालन गरिनेछ।
- ❖ दातृ तथा साझेदार निकायलाई स्थानीय आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।
- ❖ अनुगमन प्रणाली सुदृढ गरी संस्थागत क्षमता विकाससम्बन्धी कार्यविधि निर्माण गरिनेछ।
- ❖ प्रत्येक आयोजनाको सुरुदेखि अन्त्यसम्मको डिजिटल अभिलेखीकरण र प्रतिवेदन प्रणाली विकास गरिनेछ।

## १.८ शहीद परिवार, वेपत्ता परिवार, घाइते योद्धाबारे

- १० वर्षे महान जनयुद्ध र जनआन्दोलनका क्रममा शाहदत्त प्राप्त गर्ने शहीदहरुको स्मृति र सम्मान हुने विशेष कार्यक्रम संचालन गरिनेछ। फागुन १ गते जनयुद्ध दिवसको सन्दर्भमा गाउँपालिका भित्र विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिका मातहतका सबै कार्यालयहरुमा शहीदहरुको फोटो राखिनेछ।
- शहीदका नामबाट पार्क, स्तम्भ, प्रतिक्षालयहरु स्थापना गरी शहीदहरुको योगदान र इतिहास संरक्षण गरिनेछ।
- शहीद तथा घाइतेका छोराछोरीहरूलाई नि:शुल्क शिक्षा तथा रोजगारीका अवसरमा प्राथमिकता दिइनेछ।
- शहीदहरुलाई सम्मान गर्ने संस्कृति निर्माण गर्ने, शहीदका जीवनी प्रकाशन गर्ने, शहीद परिवार सम्मान कार्यक्रम आयोजना गरीनेछ।

## २. पूर्वाधार विकास क्षेत्र

### २.१ भवन, बस्ती, आवास तथा सहरी विकास

- सुरक्षित, व्यवस्थित, वातावरणमैत्री र दिगो बस्ती विकासलाई उच्च प्राथमिकता दिइनेछ।
- भूकम्प प्रतिरोधी भवन निर्माणका लागि प्राविधिक परामर्श, सचेतना र क्षमता विकास गरिनेछ।
- सार्वजनिक भवनहरूलाई अपाङ्गतामैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइनेछ।
- जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पूर्वाधार उपलब्धतासहित एकीकृत बस्ती विकास योजना कार्यान्वयन गरिनेछ।
- सार्वजनिक र ऐतिहासिक भवनको नियमित मर्मत–सम्भार र पुनर्प्रयोग व्यवस्था गरिनेछ।
- आवासविहीन र अति विपन्न परिवारलाई सुरक्षित आवास निर्माणमा सहयोग/अनुदान प्रदान गरिनेछ।
- ढल, सडक र सडकबत्ती सहित सुरक्षित तथा व्यवस्थित बजार क्षेत्र विकास गरिनेछ।
- बारपाक क्षेत्रलाई मौलिक पहिचान र प्राकृतिक सुन्दरता जोगाउँदै "हरित पहाडी सहर (Green Hill City)" का रूपमा विकास गरिनेछ। साथै आन्तरिक सडक, गल्ली, गोरेटो र पदमार्गमा स्थानीय ढुङ्गा बिछ्याउने (Stone Pitching/Paving)को कार्य यसै वर्षबाट सुरु गरिनेछ।
- देउराली, ताकु, सौरपानी लगायतका बजारक्षेत्रमा क्रमशः सडक बत्तीको व्यवस्था गरिनेछ।

### २.२ सडक, पुल तथा यातायात व्यवस्था

- हुँडीफाँट –सितागुफा –काफलडाँडा –सिरान्थर सडक कालोपत्रे गरिनेछ।

- GIS आधारित स्थानीय सडक सञ्जाल व्यवस्थापन योजना (LRMP) कार्यान्वयन गरिनेछ ।
- मुख्य र सहायक सडकको Right of Way (ROW) निर्धारण र कडाइका साथ पालना गरिनेछ ।
- सडक निर्माणमा अनिवार्य रूपमा नाली तथा बायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरिनेछ ।
- सडकको नियमित तथा आवधिक मर्मत–सम्भार प्रणाली संस्थागत गरिनेछ ।
- भखरै ठेक्का आव्हान भएको हुँडीखोलामा ४ वटा पुलहरु समयमै निर्माणका लागि संघीय सरकारसँग समन्वय गरिनेछ ।
- मुख्यसडकहरुमा कालोपत्रे, ढलान तथा ग्राभेल गर्ने कामलाई योजना बद्ध रुपमा अगाडि वढाइएको छ । बाह्रैकाल मुख्य सडकहरुमा यातायात संचालनको सुनिश्चितता गरिनेछ ।
- पाल्खुमा गाउँपालिका स्तरिय वसपार्कको जग्गा प्राप्ति सम्पन्न भएकाले यस वर्ष DPR तयार गरि बजेट व्यवस्थापनको प्रकृया अगाडि बढाइनेछ ।
- संघ तथा प्रदेश सरकारको सहयोगमा आवश्यक स्थानमा पक्की सडक पुल तथा झोलुङ्गेपुल निर्माणका लागि प्रयत्न गरिनेछ ।
- सडक सुरक्षा कार्यक्रम अन्तर्गत ट्राफिक चिन्ह, स्पिड ब्रेकर र जनचेतना अभियान सञ्चालन गरिनेछ ।
- यातायात पूर्वाधारको गुणस्तर अनुगमन, ल्याब परीक्षण र प्राविधिक सुपरिवेक्षण सुदृढ गरिनेछ ।
- मुख्य केन्द्रहरू जोड्ने सुरक्षित, चौडा र दिगो सडक सञ्जाल विकास गरी यातायात क्षेत्रलाई भरपर्दो बनाइनेछ ।

## २.३ जलस्रोत, विद्युत तथा स्वच्छ ऊर्जा

- स्थानीय जलस्रोतको दिगो उपयोग, संरक्षण र वातावरणीय सन्तुलनलाई प्राथमिकता दिइनेछ ।
- लघु जलविद्युत सम्भाव्यता अध्ययन, वैकल्पिक ऊर्जा र नवीकरणीय ऊर्जा कार्यक्रम प्रवर्द्धन गरिनेछ ।
- सौर्य ऊर्जा, बायोग्यास र विद्युतीय चुल्होको प्रयोग विस्तार गरिनेछ ।
- सार्वजनिक भवनमा सौर्य प्रणाली जडानलाई प्रोत्साहन गरिनेछ ।
- ऊर्जाबचत र हरित प्रविधि सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- जलाशय, तालतलैया, मुहान र जलाधार क्षेत्रको संरक्षण गरिनेछ ।
- जलस्रोत व्यवस्थापन, बाँडफाँड र संरक्षणमा समुदायको अर्थपूर्ण सहभागिता बढाइनेछ ।
- केन्द्रिय  विद्युतिकरण बाँकी रहेका वडा नं ३का वस्तीहरुमा विद्युत विस्तारका लागि यसै वर्ष भित्र विद्युतिकरण कार्य सम्पन्न गराउन सम्बन्धित निकायसँग नीतिगत समन्वय गरिनेछ ।
- सामुदायिक विद्युतमा विद्यमान व्यवस्थापकीय अन्योलता अन्त्य गरी नेपाल विद्युत प्राधिकरणमा हस्तान्तरणका लागि आवश्यक पहल गरिनेछ ।

### २.४ सूचना तथा सञ्चार प्रविधि

- ❖ गाउँपालिका तथा मातहतका कार्यालयहरूमा केन्द्रिकृत ई-हाजिर प्रणाली (Centralized E-Hajiri System) लागु गरिनेछ । डिजिटल अभिलेख व्यवस्थापन प्रणाली, CCTV तथा Paperless System को क्रमशः विस्तार गरी सेवा प्रवाहलाई छिटो, सरल, पारदर्शी तथा सेवाग्राहीमैत्री बनाउन जोड दिइनेछ।
- ❖ एकीकृत "डिजिटल गाउँपालिका अभियान" सञ्चालन गरी सार्वजनिक प्रशासनलाई प्रविधिमैत्री बनाइनेछ।
- ❖ कार्यपालिका र गाउँसभाका निर्णय, ऐन र कार्यविधि ७२ घण्टाभित्र वेबसाइटमा प्रकाशन गरिनेछ।
- ❖ साइबर सुरक्षा तथा सूचना सुरक्षा मापदण्ड सुदृढ गरिनेछ।
- ❖ विद्यालय र कार्यालयमा ICT प्रयोग तथा इन्टरनेट सञ्जाल विस्तार गरिनेछ।
- ❖ पर्यटकीय गन्तव्य बारपाकमा डिजिटल पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ।
- ❖ ई–गभर्नेन्स प्रणाली विस्तार गरी सेवा प्रवाहमा पारदर्शिता र दक्षता बढाइनेछ।
- ❖ जनसंख्या, भूगोल, भूमि, पूर्वाधार र सेवासम्बन्धी तथ्याङ्क व्यवस्थापनका लागि GIS प्रणाली सुदृढ गरिनेछ।

### २.५ भू–उपयोग तथा व्यवस्थापन

- ❖ स्वीकृत भू–उपयोग नीति तथा स्थानीय भू–उपयोग योजना कडाइका साथ कार्यान्वयन गरिनेछ।
- ❖ जमिनलाई कृषि, आवासीय, व्यावसायिक र औद्योगिक क्षेत्रका रूपमा वैज्ञानिक वर्गीकरण गरी सोहीअनुसार प्रयोग गरिनेछ।
- ❖ उत्तम कृषियोग्य जमिनको गैर–कृषि प्रयोग नियन्त्रण गरी खाद्य सुरक्षा र उत्पादन वृद्धि सुनिश्चित गरिनेछ।
- ❖ ऐलानी, पर्ती, सरकारी तथा सार्वजनिक जग्गाको डिजिटल नक्सासहित अभिलेखीकरण गरिनेछ।
- ❖ एकीकृत बस्ती विकास अवधारणालाई प्रोत्साहन दिइनेछ।
- ❖ जमिन बाँझो राख्ने प्रवृत्तिलाई न्युनिकरण गर्न सुख्खा खेती, बहिवर्षिय खेतीमा जोद दिइनेछ।
- ❖ वन, नदी किनार, सिमसार र वातावरणीय रूपमा संवेदनशील क्षेत्रको विशेष संरक्षण गरिनेछ।

## ३. आर्थिक विकास क्षेत्र

### ३.१ कृषि तथा पशुपन्छी विकास

❖ किसान सूचीकरण प्रणालीलाई नियमित डिजिटल अद्यावधिक गरी वास्तविक कृषकको पहिचान सुनिश्चित गरि गाउँपालिका स्तरीय कृषि सञ्जाललाई व्यवस्थित बनाई कृषकहरूसँग नियमित अन्तरक्रिया गरिनेछ।

❖ पाल्खुमा स्थानीय कृषि तथा उद्योगहरुबाट उत्पादित बस्तुहरुको बिक्रि वितरणको लागि कोशेली घर स्थापना गरिनेछ।

❖ माटोको उर्वराशक्ति ह्रासलाई सुधार गर्न र बालीको आवश्यकता अनुसार खाद्यतत्व आपूर्ति गर्न गाउँपालिका स्तरीय माटो परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ तथा गुणस्तरीय बीउको प्रयोगमा जोड दिँदै बीउमा आत्मनिर्भरता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

❖ गाउँपालिकालाई तरकारी बालीमा आत्मनिर्भर बनाउन तरकारी बेर्ना उत्पादनका लागि high-tech नर्सरी स्थापना गरिनेछ र प्रत्येक वडामा कृषि तथा पशुपन्छी पकेट क्षेत्र विस्तार गरी उत्पादन विशेषीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

❖ वर्षैभरी सिँचाइ सेवा उपलब्ध गराउनका लागि सार्वजनिक पोखरी, कुलो, कुवा, खोला, नदी जस्ता प्राकृतिक जलस्रोतको संरक्षण गर्नुका साथै नयाँ प्रविधिमा आधारित सिँचाइ जस्तै थोपा सिँचाइ तथा प्लास्टिक पोखरीको विस्तार, प्रवर्द्धन र विकास गरिनेछ।

❖ कृषिजन्य वस्तुको उत्पादकत्व वृद्धि, लागत न्यूनीकरण, गुणस्तर कायम र व्यावसायीकरणको गतिलाई तीव्रता दिन उन्नत बीउबिजन, कृषि नवप्रवर्तन र आधुनिक कृषि यान्त्रिकीकरणमा विशेष जोड दिइनेछ।

❖ जैविक कृषि प्रवर्द्धनका लागि प्राङ्गारिक मलको उत्पादन तथा जैविक विषादीलाई जोड दिइनेछ; रासायनिक मल र रासायनिक विषादीको प्रयोग घटाई यसको सन्तुलित प्रयोगका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

❖ व्यावसायिक कृषि खेती गर्ने किसानहरूलाई उत्पादनमा आधारित अनुदान प्रणालीमा जोड दिई गाउँपालिकाभित्रै आयआर्जन तथा रोजगारीका थप अवसरहरू सिर्जना गरिनेछ।

❖ प्राकृतिक प्रकोपबाट हुने कृषिजन्य क्षतिको व्यवस्थापन गर्नुका साथै सङ्घ र प्रदेश सरकारसँग आवश्यक सहयोगको माग गरिनेछ।

❖ कृषकहरूको क्षमता सुधारका लागि कृषक स्तरीय तालिमहरूलाई गाउँघर नजिकै पुऱ्याउन घुम्ती तालिम सञ्चालन गरिनेछ।

❖ हुँडिफाँटमा नव निर्मित कोल्ड स्टोर यसै आर्थिक वर्षमा सञ्चालन गरिनेछ।

❖ उत्पादित स्थानीय कृषि उपजको सङ्कलन केन्द्र, चिस्यान श्रृङ्खला र बजार पहुँचमा सुधार गरिनेछ।

- ❖ पशु स्वास्थ्य सेवालाई सुदृढ बनाउँदै गाउँपालिका भित्र पशु खोप, उपचार र कृत्रिम गर्भाधान, छाडा कुकुरहरुको बन्ध्याकरण सेवालाई निरन्तरता दिइनेछ।
- ❖ बाँदरको आतंकबाट कृषि बालीहरुलाई संरक्षण गर्न संघीय सरकार सँग सहकार्य गरिनेछ।

## ३.२ सिँचाइ

- ❖ कुलो, पोखरी, जलाशय तथा बहुउद्देश्यीय जलस्रोत उपयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ मुहान संरक्षण तथा जल पुनर्भरण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ सिँचाइ आयोजनाको मर्मत, सञ्चालन तथा दिगोपन सुनिश्चित गरिनेछ।
- ❖ सिँचाइ गुरुयोजना कार्यान्वयन र कृषि पकेट क्षेत्रलाई प्राथमिकता दिई सिँचाइ विस्तार गरिनेछ।

## ३.३ पर्यटन

- ❖ नारद पोखरी, रुपिनाला, तथा बौद्ध हिमाल हिमालचुली ग्रेट लेक सर्किट ट्रेल लगायतका ट्रेकिङ रुटहरुको प्रवर्द्धन तथा प्रचारमा जोड दिइनेछ साथै निजी क्षेत्रसँग साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। साथै बारपाक – मम्चे डाँडा – धार्चेडाँडा –स्वाँरा – सुलिकोट –मुलाबारी सम्मको छोटो पदमार्गलाई Hiking Trail को रुपमा स्थापित गर्न पहल गरिनेछ। धार्चे डाँडालाई सुर्योदय हवलोकन स्थलको रुपमा स्थापित गरिनेछ।
- ❖ स्थानीय भाषा, लोक साहित्य, सांस्कृतिक परम्परा, लोककला, भेषभूषा र रैथाने संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्दै ग्रामीण पर्यटन, होमस्टे र समुदाय–आधारित पर्यटनलाई प्राथमिकता दिइनेछ।
- ❖ सुलिकोट डाँडा, रुपाकोट डाँडा, बजेनी ताल, घुन्चोक पोखरी, बारपाक, सितागुफा, र अन्य सम्भावित पर्यटकीय क्षेत्रको योजनाबद्ध प्रवर्द्धन गरिनेछ।
- ❖ पदमार्ग, सूचना संकेत, विश्रामस्थल, शौचालय र अन्य पर्यटन पूर्वाधार विकास गरिनेछ।
- ❖ दिल बहादुर रम्तेल पार्कमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समय र कालखण्डमा सहादत प्राप्त गर्ने सहिदहरुको सालिक तथा स्तम्भ निर्माण गरि विस्तार गरिनेछ। साथै उक्त पार्कमा अवस्थित जनयुद्ध संग्रहालयलाई जनयुद्ध अध्ययन स्थलको रुपमा विस्तार गरिनेछ। साथै बारपाक भूकम्प स्मृति पार्क एवम भूकम्प संग्राहालयलाई भूकम्पीय जोखिम, विपद् व्यवस्थापन तथा पुनर्निर्माण सम्बन्धी अध्ययन स्थलको रुपमा विस्तार गरिनेछ।
- ❖ पर्यटन व्यवसायी, होमस्टे सञ्चालक र स्थानीय गाइडको क्षमता विकास तालिमलाई निरन्तरता दिइनेछ।

## ३.४ सहकारी, गरिबी निवारण तथा वित्तीय क्षेत्र

- ❖ सबै सहकारी संस्थालाई COPOMIS मा आबद्ध गरी नियमित अद्यावधिक गरिनेछ।
- ❖ सहकारी सुशासन, लेखा–परीक्षण, जोखिम व्यवस्थापन र नियमित अनुगमन सुदृढ गरिनेछ।
- ❖ वित्तीय साक्षरता, बचत–कर्जा व्यवस्थापन र उद्यमशीलता अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ महिला, युवा र सीमान्तकृत समुदायलाई उत्पादनशील लगानी र उद्यममा जोडिने व्यवस्था गरिनेछ।
- ❖ सहकारीमार्फत स्थानीय उत्पादनको संकलन, प्रशोधन र बजारीकरणलाई प्रोत्साहन गरिनेछ।
- ❖ विपन्न परिवारका लागि आयआर्जन तथा वित्तीय पहुँच विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।

### ३.५ उद्योग, व्यापार तथा व्यवसाय

- ❖ स्थानीय घरेलु तथा साना उद्योगलाई प्राथमिकता दिँदै उद्योगमैत्री वातावरण निर्माण गरिनेछ।
- ❖ स्थानीय उत्पादनको ब्रान्डिङ, लेबलिङ र बजार पहुँच विस्तार गरिनेछ।
- ❖ बजार व्यवस्थापन, नियमित अनुगमन र उपभोक्ता अधिकार संरक्षण सुदृढ गरिनेछ।
- ❖ "स्थानीय उत्पादन प्रयोग गरौँ" अभियानमार्फत स्थानीय बजारमा स्थानीय उत्पादनको प्रयोग प्रोत्साहन गरिनेछ।
- ❖ अल्लो प्रशोधन केन्द्रको विस्तारिकरण र अल्लो बाट बनाउन सकिने सामाग्रीको लागी तालिमको व्यवस्था तथा बजारीकरणको लागी व्यवस्थापन गरिनेछ।
- ❖ लघु उद्यम कार्यक्रम मार्फत तालिम, प्रविधि हस्तान्त्रण, विउपूजी प्रवाह र बजारीकरण सहयोग मार्फत स्थानीय उद्यमी विकासमा जोड दिइनेछ
- ❖ लघु तथा घरेलु उद्योगहरुको तथ्यांक संकलन गरी अनिवार्य दर्ता गर्ने र त्यसको प्रवर्द्धन र विकासमा जोड दिने नीति अवलम्बन गरिनेछ।
- ❖ देउराली सावुन उद्योगको प्रवर्द्धनमा जोड दिइनेछ।

### (छ) खानी तथा खनिज

- वातावरण प्रतिकुल असर नपर्ने गरी प्रचलित कानून बमोजिम बाताबरण प्रभाव मुल्याङ्कन गरी गाउँपालिका भित्र रहेका खोलानालाबाट ढुङ्गा, बालुवा उत्खनन् गरी बिक्री वितरण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ।त्यसै गरि ग्याजी तामाखानी लगायत अन्य खनिज पदार्थहरुकोनउत्खननलाई पनि जोड दिइनेछ।

**(ज) श्रम/रोजगार**

- ❖ वैदेशिक रोजगार सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन थप पहल गरिनेछ। गाउँपालिकावासीलाई विदेशमा काम लाग्ने सीप सिकाएर मात्रै वैदेशिक रोजगारीमा जाने वातावरण मिलाइनेछ। त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।
- ❖ वैदेशिक रोजगारीबाट फर्किएकाहरूको पुनःएकीकरण र व्यावसायिक पुनर्स्थापनाका लागि सहुलियत प्रदान गर्दै उनीहरूको सीप, पूँजी र प्रविधिको उच्चतम प्रयोगद्वारा गाउँपालिकाको आर्थिक वृद्धिमा टेवा पुऱ्याइने छ।
- ❖ यस गाउँपालिकामा सुचिकृत बेरोजगारहरुलाई पालिका भित्रको विभिन्न वडामा आवश्यकताको आधारमा सार्बजनिक निर्माण तथा मर्मत सम्भार आयोजनाका काममा सहभाही गराई रोजगारी प्रदान गरिनेछ।
- ❖ सबै किसिमको श्रमको सम्मान र प्रोत्साहनका लागि श्रमको सम्मान राष्टको अभियान कार्यक्रमलाइ कार्यान्वयन गरिनेछ।
- ❖ वैदेशिक रोजगारीमा जान चाहने र फर्केर आएर पुनः जाने व्यक्तिहरुको लागि रोजगार सेवा केन्द्र मार्फत बैदेशिक रोजगारीमा जानु पूर्व परामर्श तथा श्रम स्वीकति गरिदिने ब्यबस्था मिलाईनेछ।

## ४. वन, वातावरण, जलवायुपरिवर्तन तथा विपद् व्यवस्थापन क्षेत्र

### ४.१ वन, हरियाली तथा जैविक विविधता

- ❖ वन संरक्षण, व्यवस्थापन र सामुदायिक वनसँग सहकार्य सुदृढ गरिनेछ।
- ❖ जैविक विविधता संरक्षण, वन्यजन्तु संरक्षण र संवेदनशील प्रजातिको आवास संरक्षण गरिनेछ।
- ❖ जडीबुटी संरक्षण, खेती विस्तार र वनजन्य उद्यम प्रवर्द्धन गरिनेछ।
- ❖ वन डढेलो रोकथाम, पूर्वतयारी, सामुदायिक निगरानी र नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ वन क्षेत्रको GIS अभिलेख तयार गरी हरित गाउँपालिका अभियानलाई संस्थागत गरिनेछ।

### ४.२ भू–संरक्षण तथा जलाधार व्यवस्थापन

- ❖ पहिरो जोखिम न्यूनीकरण, नदी कटान नियन्त्रण र भू–क्षय नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ जलाधार क्षेत्र, मुहान तथा संवेदनशील भू–भागको संरक्षण गरिनेछ।

❖ बायो- इन्जिनियरिङ प्रविधिको प्रयोग विस्तार गरिनेछ।
❖ भू–संरक्षण कार्यक्रममा समुदायको सहभागिता र प्राकृतिक स्रोतको संरक्षणलाई जोड दिइनेछ।

### ४.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

❖ वातावरण संरक्षण ऐन, मापदण्ड र स्थानीय वातावरणीय व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
❖ स्रोतमै फोहोर वर्गीकरण गर्ने निति लागू गरिनेछ। फोहोर व्यवस्थापन, व्यक्तिगत स्वच्छता र स्वच्छ व्यवहारसम्बन्धी जनचेतना विद्यालय र समुदायस्तरमा व्यापक रूपमा सञ्चालन गरिनेछ।
❖ फोहोर प्रशोधन केन्द्र स्थापना गरि चरणबद्ध सञ्चालन गरिनेछ।
❖ प्लास्टिकजन्य फोहोर न्यूनीकरण र एकपटक प्रयोग हुने प्लास्टिक नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ।
❖ सार्वजनिक सरसफाइ अभियानलाई नियमित जनआन्दोलनका रूपमा अघि बढाइनेछ।
❖ निजी क्षेत्र, सहकारी र समुदायसँग साझेदारीमा फोहोर व्यवस्थापन मोडल विकास गरिनेछ।
❖ परियोजनाका लागि आवश्यक BES/IEE/EIA अध्ययन अनिवार्य गरिनेछ।
❖ हरित प्रविधि, कार्बन उत्सर्जन न्यूनीकरण र वातावरणीय जनचेतना कार्यक्रम प्रवर्द्धन गरिनेछ।

### ४.४ विपद् व्यवस्थापन तथा जलवायुउत्थानशीलता

❖ स्थानीय तथा वडा विपद् व्यवस्थापन समितिलाई सक्रिय र सुदृढ बनाइनेछ।
❖ विपद् व्यवस्थापन कोष सञ्चालन र स्रोत परिचालन व्यवस्था प्रभावकारी बनाइनेछ।
❖ विपद् पूर्वतयारी, प्रतिकार्य योजना, EOC सञ्चालन, खोज तथा उद्धार टोली गठन र आवश्यक विपद् सामग्री भण्डारण गरिनेछ।
❖ विद्यालय तथा समुदायमा सुरक्षा निकायहरुको समन्वयमा विपद् खोज उद्धार सम्बन्धी अभ्यास (drill) सञ्चालन गरिनेछ।
❖ जोखिम नक्साङ्कन, जोखिम प्रोफाइल अद्यावधिक र बाढी/पहिरो/आगलागी नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।
❖ अन्तरपालिका समन्वयमा उद्धार, राहत र पुनःस्थापना व्यवस्था सुदृढ गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

**(क) स्थानीय सेवा तथा जनशक्ति व्यवस्थापन**

- ❖ गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखबीच कार्यसम्पादन सम्झौता गरी नतिजामूलक कार्यसम्पादन प्रणाली लाइ निरन्तरता दिइनेछ।
- ❖ रिक्त दरबन्दीमा स्थायी पदपूर्तिका लागि सम्बन्धित निकायमा नियमित माग पठाइनेछ तथा करार सेवाको व्यवस्थापन आवश्यकता र औचित्यका आधारमा गरिनेछ।
- ❖ कर्मचारी तथा जनप्रतिनिधिहरूले आचारसंहिता, सदाचार तथा पेशागत नैतिकताको पूर्ण पालना गर्नुपर्ने व्यवस्था कडाइका साथ कार्यान्वयन गरिनेछ।
- ❖ बेरोजगार जनशक्ति, सीप, पेशा, शैक्षिक अवस्था तथा सामाजिक–आर्थिक अवस्थासम्बन्धी तथ्याङ्क संकलन गरी नीति निर्माण तथा रोजगार कार्यक्रम सञ्चालनमा उपयोग गरिनेछ।

**(ख) संगठन तथा क्षमता विकास**

- ❖ जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा सेवा प्रवाहसँग सम्बन्धित सरोकारवालाहरूको क्षमता विकासका लागि वार्षिक क्षमता विकास योजना तर्जुमा गरी अभिमुखीकरण, अन्तरपालिका सिकाइ आदानप्रदान तथा अध्ययन अवलोकन कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र तथा विकास साझेदारहरूसँग नियमित संवाद, परामर्श तथा समन्वय बैठक सञ्चालन गरिनेछ।
- ❖ गाउँपालिकाको समग्र नीति, योजना तथा विकास व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आवश्यक नीतिगत संरचना तथा संस्थागत संयन्त्रहरूलाई सुदृढ गरिनेछ।
- ❖ LGPAS सूचकमा उत्कृष्ट नतिजा हासिल गर्ने उद्देश्यले स्वःमूल्याङ्कन, संस्थागत क्षमता अभिवृद्धि तथा सुधार कार्ययोजना कार्यान्वयन गरिनेछ।

**(ग) राजस्व तथा स्रोत परिचालन**

- ❖ राजस्व सुधार कार्ययोजना कार्यान्वयन गर्दै गाउँपालिका क्षेत्रभित्र रहेका सम्भावित राजस्व स्रोतहरूको पहिचान, विस्तार तथा वैज्ञानिक व्यवस्थापन गरिनेछ।
- ❖ LLRMIS प्रणालीमार्फत करदाता अभिलेख अद्यावधिक गरी राजस्व प्रशासनलाई पूर्ण रूपमा प्रविधिमैत्री, पारदर्शी तथा व्यवस्थित बनाइनेछ।

- ❖ करदाताको दायरा विस्तार, वित्तीय साक्षरता अभिवृद्धि तथा स्वेच्छिक कर सहभागिता बढाउन जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ गाउँपालिकासँग सम्बन्धित व्यवसाय, संस्था तथा सेवा प्रदायकलाई अनिवार्य रूपमा दर्ता / अभिलेखीकरण तथा सूचीकृत गरी नियमन र सेवा प्रवाह प्रणालीमा आबद्ध गरिनेछ।

**(घ) बजेट कार्यान्वयन, योजना तर्जुमा, कार्यान्वयन तथा लेखा प्रणाली**

- ❖ गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना (MTEF), दिगो विकास लक्ष्य (SDGs) तथा वार्षिक बजेटबीच अन्तरसम्बन्ध कायम गरी योजना तथा बजेट तर्जुमा गरिनेछ।
- ❖ पूर्वतयारी सम्पन्न, प्राथमिकतामा परेका तथा आयोजना बैंक (Project Bank) मा समावेश भएका आयोजनालाई मात्र बजेट विनियोजन गर्ने नीति अवलम्बन गरिनेछ।
- ❖ प्रत्येक आयोजना तथा कार्यक्रमलाई सम्बन्धित SDG Coding प्रणालीसँग आबद्ध गरी नतिजामूलक योजना व्यवस्थापन प्रणाली लागू गरिनेछ।
- ❖ योजना तर्जुमा प्रक्रिया बस्ती, टोल तथा वडा तहबाट प्रारम्भ गरी सहभागितामूलक योजना प्रणालीलाई संस्थागत गरिनेछ।
- ❖ चौमासिक आन्तरिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ कार्यक्रम, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, वार्षिक व्यवस्थापन परीक्षण (Management Audit) तथा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गरिनेछ।
- ❖ SuTRA, CGAS, PAMS, NAMS, LMBIS तथा PLMBIS लगायतका विद्युतीय वित्तीय प्रणालीको पूर्ण कार्यान्वयन गरिनेछ।
- ❖ उपभोक्ता समितिबाट सम्पन्न आयोजनाहरूको प्राविधिक परीक्षण, अनुगमन प्रतिवेदन तथा कार्यपालिकाको स्वीकृतिपछि मात्र अन्तिम भुक्तानी गरिनेछ।

**(ङ) नीति, कानून, न्याय तथा सुशासन**

- ❖ स्थानीय आवश्यकतामा आधारित ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण गरी सुशासन, पारदर्शिता तथा उत्तरदायित्व अभिवृद्धि गरिनेछ।
- ❖ न्यायिक समितिलाई थप सक्षम, विश्वसनीय तथा नागरिकमैत्री बनाउँदै न्यायमा समान पहुँच सुनिश्चित गरिनेछ।

❖ भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, किर्ते कागजात, झुट्टा बिल तथा सार्वजनिक स्रोतको दुरुपयोग विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

❖ स्थानीय राजपत्र नियमित प्रकाशन गर्दै राजपत्रमा प्रकाशित भएपछि मात्र कानुनी व्यवस्था कार्यान्वयनमा ल्याइनेछ।

❖ विपद् व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, पूर्वाधार विकास तथा अन्य साझा विषयमा अन्तर–स्थानीय तह सहकार्यलाई प्रवर्द्धन गरिनेछ।

**(च) सामाजिक सुरक्षा तथा पञ्जिकरण**

❖ सामाजिक सुरक्षा लाभग्राहीको विवरण नियमित अद्यावधिक गर्दै राष्ट्रिय परिचयपत्र तथा बायोमेट्रिक प्रणालीसँग आबद्ध गरिनेछ।

❖ व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रमलाई निरन्तरता दिँदै समयमै घटना दर्ता गराउने संस्कृतिको विकास गरिनेछ।